"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१४४४
Email: maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

मिति : २०८१/०७/२९

## तहबृद्धि/ स्तरबृद्धि सम्बन्धी सूचना ।

मधेश प्रदेश सरकारबाट जारी भएको "मधेश प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१" को दफा १५७(२) बमोजिम प्रदेश लोकसेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम धनुषाको प.स. २०८१/०८२, च.नं. १६९, मिति २०८१/०७/०९ को पत्रबाट परामर्श प्राप्त भए बमोजिम सोही ऐनको दफा २९ को उपदफा(१)बमोजिम तह वृद्धि/स्तरवृद्धि गर्नु पर्ने भएकोले सेवा अवधि तथा न्यूनतम शैक्षिक योग्यता पुगेका र सोही ऐनको दफा ३२ को अवस्था नरहेका स्थायी कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र लालबन्दी नगरपालिका, नगर कार्यापालिकाको कार्यालयको प्रशासन शाखामा प्रमाणित कागजात सहित निवेदन पेश गर्नु हुन सम्बन्धित कर्मचारीहरुको जानकारीको लागि ऐनको दफा २९(४) बमोजिम यस कार्यालयको मिति २०८१/०७/२८ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| क.सं. | हालको तह | तह बृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा कक्षा १२ उतिर्ण |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उतिर्ण |
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उतिर्ण |

**आवश्यक कागजातहरु :**

१. निवेदन ।
२. सुरु नियुक्ति पत्रको प्रतिलिपि।
३. बढुवा/ तह मिलान /स्तरवृद्धिको प्रमाणित प्रतिलिपि ।
४. शैक्षिक योग्यताको कागजातहरु ।

२०८१.०७.२९

..................
प्रमुख प्रशासकीय अधिकृत